# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ २१ गते

## सामाजिक द्वेष फैल्याउने अभिव्यक्ति नदिन आग्रह ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धन रौतहटको नामबाट २०७२ भदौं १७ गते "असहयोग आन्दोलनको" विषय राखी जारी प्रेस विज्ञप्तिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त विज्ञप्तिमा रौतहट जिल्लाका प्रहरी इकाइ र प्रहरी चौकीहरू खाली गर्न तथा सदरमुकाम लगायत जिल्लाभरि घर डेरा गरी बास दिइएका प्रहरीहरुलाई ४८ घण्टाभित्र हटाउन र उनीहरुलाई सामाजिक बहिष्कार गर्न आग्रह गरिएको पाइएको छ ।

सामाजिक द्वेष फैलाउने तथा निश्चित पेशागत समूहका मानिसहरुलाई उनीहरुको स्वतन्त्रतापूर्वक पेशा व्यवसाय गर्न तथा बसोबास गर्ने अधिकार समेत हनन् हुने गरी सार्वजनिक गरिएको उक्त विज्ञप्ति मानव अधिकारका दृष्टिकोणबाट आपत्तिजनक रहेको छ । यस्तो विज्ञप्ति मानव अधिकारको विश्वव्यापी घोषणा तथा मानवीय कानून विपरीत रहेको छ । यसप्रकारका विद्वेषपूर्ण अभिव्यक्ति सार्वजनिक नगर्न तथा सो अनुरुपका कुनै पनि कार्यलाई प्रोत्साहित नगर्न, नगराउन तथा समाजमा सद्भाव विस्तार गरी मानव अधिकार सुनिश्चित गर्ने, गराउने तर्फ सक्रिय रहन आयोग सम्बन्धित राजनीतिक दलहरु तथा सम्बद्ध पक्षहरुलाई आग्रह गर्दछ ।

यस्ता सामाजिक र व्यावसायिक सद्भाव विथोल्ने प्रकृतिका पर्चा, पम्पलेट र विज्ञप्ति समेतमा अभिव्यक्ति नदिन सम्बन्धित सबै पक्षहरु सजग र सर्तक रहन समेत आयोग ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org